संघीय संसद

राष्ट्रिय सभा

राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १२४

मिति २०७९/०४/२५

समयः विहान ०९.०० बजे

प्रारम्भः विहान ०९ : १० बजे

अन्त्यः विहान ११: ४५ बजे

<u>छलफल तथा निर्णय</u> :-

(१)) समितिको आज मिति २०७९/०४/२५ गतेको बैठक राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको गरिमामय समुपस्थितिमा सम्पन्न भयो।

(२)) राष्ट्रिय गौरवको आयोजना उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको कार्य प्रगति एवं समग्र अवस्था र आयोजना सञ्चालनमा देखिएका समस्याका सम्बन्धमा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, आयोजनाका प्रमुखहरु, सम्वन्धित निर्माण व्यवसायी र वन, राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रमा आयोजना सञ्चालन हुने सम्बन्धमा वन तथा वातावरण मन्त्रालयसँग छलफल भयो।

(३ सम्माननीय अध्यक्षज्यूबाट राष्ट्रिय गौरवको आयोजना उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको काम कारवाहीलाई प्रभावकारी वनाउन भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, आयोजनाका प्रमुखहरु, सम्वन्धित निर्माण व्यवसायीलाई समयमै निर्माण कार्य सम्पन्न गर्न र समितिले आफ्ना कार्यक्षेत्रभित्रका राष्ट्रिय गौरवको आयोजनाको कामकारवाहिलाई निरन्तर अनुगमन अन्तरक्रिया एवं निगरानी गर्न निर्देशन भयो ।

(४) राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको समितिमा गरिमामय उपस्थिति तथा मार्गनिर्देशनका लागि सम्माननीय अध्यक्षज्यूप्रति समितिले हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय भयो।

(५) ) समितिको आगामी बैठक अर्को सूचना भएपश्चात बस्ने गरि आजको बैठक अन्त्य भयो।